# सवाल र खड्गनिशाना (संशोधन र खारेज) गर्ने नियमहरू, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२०।६।२८

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सवाल र खड्गनिशाना (संशोधन र खारेज) गर्ने नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **मुलुकी सवाल बहीबुझ्नेबारेको महलको दफा ८९ मा संशोधन** : मुलुकी सवाल बहीबुझ्नेबारेको महलको दफा ८९ लाई खारेज गरी त्यसको ठाउँमा देहायको दफा ८९ राखिएको छ :-

(१) नेपाल कानूनमा रकम रकमको बाँकीमा सयकडा दश वा सो भन्दा घटी जुन दरले सूदसमेत लिनु भन्ने खुली लेखिएको छ सोही दरले सूद लगाइ लिनुपर्छ र सयकडा दशभन्दा बढी दरले सूदसमेत लिनु भन्ने खुली लेखिएको छ भने यो दफा प्रारम्भ भएपछि त्यस्तोमा सयकडा दशका दरले मात्र सूद लगाइ लिनुपर्छ सयकडा दशमा बढाइ लिन हुँदैन अरू सरकारी जुनसुकै बाँकीमा समेत नेपाल कानूनले सूद लाग्नेमा सूद लिनुपर्दा सयकडा दशका दरले सूद लगाइ नेपाल कानून बमोजिम असुल उपर गर्नुपर्छ ।

(२) २०२० साल वैशाख १८ गतेदेखि यो दफा प्रारम्भ भएका मितिसम्म उपदफा (१) बमोजिम भए गरेको सबै काम कारबाईहरू यही दफा बमोजिम भए गरेको सरह मानिनेछ ।

(३) यो दफा प्रारम्भ हुनुभन्दा पहिलेको कुनै सरकारी बाँकी यो दफा प्रारम्भ भएको मितिसम्म असुल उपर नभै बाँकी नै रहेकोमा पनि यो दफा प्रारम्भ भएपछि सो बाँकी र त्यस उपर लाग्ने सूद असुल गर्दा उपदफा (१) बमोजिम दरमा असुल गरिनेछ । सो दरमा बढाइ सूद असुल गरिने छैन ।

३. **मध्येश मालको सवालको दफा ३२, दफा ३३ र दफा १०५ को खारेजी** : मध्येश मालको सवालको दफा ३२, दफा ३३ र दफा १०५ खारेज गरिएको छ ।

४. **कर्जी लगानी बारेको २००७।३।८।५ को खड्गनिशाना सनदको खारेजी** : कर्जी लगानी बारेको २००७।३।८।५ को खड्गनिशाना सनद खारेज गरिएको छ ।